नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौं
(स्थानीय तह समन्वय शाखा)

पत्र सं.:-२०८०/०८१ चलानी नं.:- २०४

मितिः- २०८०/०८/१०

विषयः- जानकारी सम्बन्धमा।

श्री स्थानीय तह (सबै)।

प्रस्तुत विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, प्रशासन शाखाको च.नं. ६१० मिति २०८०/०८/०७ र वैदेशिक रोजगार बोर्डको सचिवालयको च.नं. ४२९ मिति २०८०/०८/०५ को वैदेशिक रोजगार सन्तती छात्रवृत्ति कार्यक्रम सम्बन्धी पत्र आवश्यक जानकारीको लागि यसैसाथ पठाइएको व्यहोरा अनुरोध छ।

आयुषी भट्टराई
शाखा अधिकृत

**बोधार्थः**
श्री श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, प्रशासन शाखा, सिंहदरबार, काठमाण्डौं।
श्री सूचना तथा प्रविधि शाखाः- Website मा Upload गरिदिनुहुन।

सिंहदरबार, काठमाण्डौं फोन नं.-४२००५११/४२००३०४
ईमेल:- cmmofald@gmail.com/ local.level.coordination@mofaga.gov.np
वेवसाईटः- www.mofaga.gov.np

नेपाल सरकार

# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

(प्रशासन शाखा)

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या:- ०८०/८१
चलानी नं.:- ६९०

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- ९३०४
दर्ता मिति:- ८/८

मिति:- २०८०/०८/०७

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

विषयः- **वैदेशिक रोजगार सन्तती छात्रवृत्ति कार्यक्रम सम्बन्धमा।**

प्रस्तुत विषयमा वैदेशिक रोजगार सन्तती छात्रवृत्ति सञ्चालन कार्यविधि, २०८० बमोजिम वैदेशिक रोजगारीमा गई मृत्यु भएका वा शतप्रतिशत अशक्त भएका एवं यस सचिवालयको कल्याणकारी कोषबाट शतप्रतिशत आर्थिक सहायता प्राप्त गरेका विद्यालयमा अध्ययनरत १८ वर्ष मुनिका श्रमिकका बालबालिकाहरुलाई उपलब्ध गराईने छात्रवृत्ति प्राप्त गर्न योग्यता पुगेका विद्यार्थीहरुलाई सो कार्यक्रममा आवद्ध गर्ने सम्बन्धमा यस मन्त्रालय अन्तर्गत वैदेशिक रोजगार बोर्डको सचिवालयबाट मिति २०८०/०८/०४ गते वैदेशिक रोजगार सन्तती छात्रवृत्ति (शैक्षिक सत्र २०८०) का लागि निवेदन दिने बारेको सूचना नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित भैसकेको हुँदा सो सन्दर्भमा तहाँ मन्त्रालय मार्फत सबै स्थानीय तह स्थित कार्यालयहरु तथा विद्यालयहरुमा परिपत्र गरी सहयोग गरिदिनु हुन निर्णयानुसार अनुरोध छ। साथै, वैदेशिक रोजगार सन्तती छात्रवृत्ति सञ्चालन कार्यविधि, २०८० र मिति २०८०/०८/०४ गतेको वैदेशिक रोजगार सन्तती छात्रवृत्ति (शैक्षिक सत्र २०८०) का लागि निवेदन दिने बारेको सूचनाको प्रतिलिपि यसै पत्रसाथ संलग्न गरिएको छ।

(चिरञ्जिवी लुईटेल)
शाखा अधिकृत

**बोधार्थ**:-
श्री वैदेशिक रोजगार बोर्डको सचिवालय,
बबरमहल, काठमाडौं।

टेलिफोन नं.:- ०१-४२११९६३, ०१-४२००५९५, फ्याक्स नं.:- ०१-४२११८७७, टोल फ्रि नं.:- १६६००१५०००५, श्रम कल सेन्टर फोन:- ११४१
ईमेल:- admin@moless.gov.np/info@moless.gov.np, वेव साईट:- www.moless.gov.np

जनशक्ति दी.न.वि.शा.


नेपाल सरकार

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

# वैदेशिक रोजगार बोर्डको सचिवालय

(प्रशासन, योजना तथा अनुगमन शाखा)

बबरमहल, काठमाडौँ

फोन नं. ०१-५३२०३११,

०१-५३२०४३३/५६७

फ्याक्स नं. : ०१-५३२०५४३

Email : info@fepb.gov.np


प.सं. २०८०/८१

च.नं. ४२९

मिति: २०८०/०८/०५

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

दर्ता नं.:- १८९३

दर्ता मिति:- २०८०।०८।०८

श्री श्रम रोजगार तथा सामाजिका सुरक्षा मन्त्रालय,

सिंहदरबार, काठमाडौं ।

विषयः वैदेशिक रोजगार सन्तती छात्रवृत्ति कार्यक्रम सम्बन्धमा।

प्रस्तुत विषयमा **वैदेशिक रोजगार सन्तती छात्रवृत्ति सञ्चालन कार्यविधि, २०८०** बमोजिम वैदेशिक रोजगारीमा गई मृत्यु भएका वा शतप्रतिशत अशक्त भएका एवं यस सचिवालयको कल्याणकारी कोषबाट शतप्रतिशत आर्थिक सहायता प्राप्त गरेका विद्यालयमा अध्ययनरत १८ वर्ष मुनिका श्रमिकका बालबालिकाहरुलाई उपलब्ध गराईने छात्रवृत्ति प्राप्त गर्न योग्यता पुगेका विद्यार्थीहरुलाई सो कार्यक्रममा आवद्ध गर्ने सम्बन्धी यस सचिवालयको मिति २०८०/८/४ गते नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचनाको प्रतिलिपी यसैसाथ संलग्न छ । सम्पूर्ण ब्यहोरा सोही सूचना एवं सचिवालयको वेबसाईट www.feb.gov.np बाट अवगत गरी सम्पूर्ण स्थानीय तह अन्तर्गतका विद्यालयहरुमा सम्प्रेषण एवं कार्यविधि बमोजिमको प्रक्रिया पूरा गरी २०८० पौष मसान्तसम्म यस सचिवालयमा विवरण पठाईदिने व्यवस्था मिलाईदिन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पत्राचार गरिदिनुहुन आदेशानुसार अनुरोध छ । ।

२०८०/८/५

(नर बहादुर चन्द)

शाखा अधिकृत

<u>बोधार्थः</u>

श्री संङ्घीय मामिला तथा समान्य प्रशासन मन्त्रालय,

सिंहदरबार, काठमाडौं ।